आज मिति २०७८।०१।२३ गते प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेलको अध्यक्षता एवं तपशिल बमोजिमको उपस्थितिमा जिल्ला जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक बसी निम्नानुसार निर्णय गरियो-

**बिषेश आमन्त्रितः**

| | | |
|---|---|---|
| १. प्रभाकर यादब | जि.स.स प्रमुख | जिल्ला समन्वय समिति सप्तरी |
| २. शम्भु प्रसाद यादब | नगर प्रमुख | राजबिराज नगरपालिका |

**उपस्थिति**

| | |
|---|---|
| १. प्र.जि.अ. श्री फणिन्द्रमणि पोखरेल | -अध्यक्ष |
| २. प्रमुख सेनानी श्री निरज भण्डारी | -सदस्य |
| ३. प्रहरी उपरीक्षक श्री राजेन्द्र प्रसाद धमला | - सदस्य |
| ४. स.प्र.उ. श्री राजु श्रेष्ठ | - सदस्य |
| ५. उप. अ.नि. श्री नरेश बहादुर शाह | - सदस्य |
| ६. नि.प्र.मे.सु. रंजित कुमार झा | -सदस्य |
| ७. नि.प्र.स्वा. का. श्री दुनियालाल यादब | - सदस्य |
| ८. स.प्र.जि.अ. नाथु साह | - सदस्य सचिव |

**आमन्त्रित**

| | |
|---|---|
| १. अजय कुमार कर्ण | प्रमुख खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सप्तरी |
| २. निरंजन प्रसाद यादब | स्वास्थ्य संयोजक , राजबिराज नगरपालिका |
| ३. दिलिप कुमार साह | इन्जिनियर जि.स.स. |

**निर्णयः १**

कोभिड-१९ को संक्रमण बढ्दो अवस्थामा भएको हुदाँ संक्रमण नियन्त्रणको लागि मिति २०७८।०१।२२ गते देखि भाडाका सवारी साधन बन्द गरिएकोमा उक्त बन्द कार्यक्रम अर्को आदेश नभए सम्म कायम राख्ने।

**निर्णयः २**

स्वास्थ्य कार्यालयले Contract Tracing Team तयार गरी जिल्लामा संक्रमित व्यक्तिहरुको पहिचान गरी Contract Tracing गर्ने व्यवस्था मिलाउने। स्वाब संकलन गर्ने स्थानीयहरुमा तालिम प्राप्त जनशक्ति तयार पार्ने र परिचालन गरी स्वाब संकलन गर्ने व्यवस्था स्वास्थ्य कार्यालयले र स्थानीय तहले मिलाउने।

**निर्णयः ३**

प्रत्येक स्थानीय तहले आ-आफ्नो क्षेत्रमा कम्तिमा २० बेडको Isolation केन्द्र ७ दिन भित्र तयार गर्ने र त्यसमा सम्बन्धित स्थानीय तहले गजेन्द्र नारायण सिंह अस्पतालसँग समन्वय गरेर Telemedicine को व्यवस्था गर्ने।

**निर्णयः ४**

राजबिराजमा रहेको निजी अस्पताल युनिक र छिन्नमस्ताले ५ दिन भित्र कोभिड-१९ संक्रमित व्यक्तिहरुको उपचारको लागि Isolation केन्द्र संचालन गर्ने व्यवस्था मिलाउने। यसको लागि जनशक्ति लगायतका पूर्वाधार व्यवस्थापन सम्बन्धि अस्पतालले मिलाई उपचार खर्च र भुक्तानीका लागि नेपाल सरकारले तोकेको मापदण्ड अनुसार सम्बन्धित अस्पतालले माग गर्ने।